गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,८९,४०० ▼ |
| चाँदी | : | ४५८५ ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २६२७.११ (-२६.२१) ▼ |
| कारोबार रकम | : | ३,५५७,९८१,४९८ ▼ |
| कारोबार भएका सेयर | : | ७,५४०,४१८ |
| कारोबार सङ्ख्या | : | ४६,२४६ |
| कारोबार भएका कम्पनी | : | ३५६ |

## निजी क्षेत्रलाई उद्योगमन्त्रीको निर्देशन
# बजार मूल्य घटाऊ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २२ गते*

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले निजी क्षेत्रका विभिन्न छाता सङ्गठनका प्रतिनिधिलाई बोलाएर तत्काल बजार भाउ घटाउन कडा निर्देशन दिनुभएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्स, फलफूल तथा तरकारी व्यवसायी महासङ्घ र चामल, दाल, तेल व्यवसायी महासङ्घका अध्यक्ष एवं प्रतिनिधिसँग सोमबार भएको छलफलमा मन्त्री यादवले मूल्य घटाउन निर्देशन दिनुभएको हो।

विश्व बजारमा तेलको मूल्य घटिसकेकाले नेपालमा पनि सोही अनुपातमा बजार मूल्य निर्धारण गर्न मन्त्री यादवले निर्देशन दिनुभयो।

छलफलका क्रममा व्यवसायीले आफ्नो व्यावसायिक समस्या र गुनासा राखेका थिए। अनियन्त्रित बजार भाउका कारण सर्वसाधारण चरम मारमा परेको उल्लेख गर्दै कुनै पनि बहानामा ढिलाइ नगरी मूल्य घटाउन मन्त्रीले निर्देशन दिनुभयो। मन्त्री यादवले नुन, तेल, चामलदेखि हरियो तरकारीसम्मका अत्यावश्यक दैनिक उपभोग्य वस्तुको बिक्रीवितरणलाई सहज बनाउँदै तत्कालै बजारको वास्तविक अवस्था हेरेर भाउ घटाउन आग्रह गर्नुभयो।

बैठकमा सहभागी निजी क्षेत्रका प्रतिनिधिले पनि यस विषयमा सकारात्मक प्रतिक्रिया दिएका छन्। व्यवसायीले उपभोक्तालाई राहत दिने गरी बजार मूल्य घटाउने कार्यमा सरकारलाई पूर्ण सहयोग गर्ने र आवश्यक कदम चाल्ने प्रतिबद्धता जनाएका छन्।

सो अवसरमा सहसचिव एवं प्रवक्ता नेत्र सुवेदीले उपभोक्ता संरक्षण ऐनका प्रावधानबारे सङ्क्षिप्त प्रस्तुति राख्नुभयो। पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घट्दै गएको छ।

# आर्थिक वृद्धिदर सामान्य मात्रै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २२ गते*

- तेस्रो त्रैमासिकमा ३.५१ प्रतिशतले आर्थिक वृद्धि हुने अनुमान
- विद्युत् उत्पादन र वितरणमा उल्लेख्य वृद्धि
- औद्योगिक उत्पादनको वृद्धिदर ऋणात्मक
- धान उत्पादन र निर्माण सामग्रीको आयात घट्दा वृद्धिदर सामान्य

चालु आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक (माघ–चैत) मा आर्थिक वृद्धिदर सामान्य अवस्थामा रहने राष्ट्रिय तथ्याङ्क कार्यालयले अनुमान गरेको छ। कार्यालयले सोमबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार यो अवधिमा ३.५१ प्रतिशतले आर्थिक वृद्धिदर हुने उल्लेख छ। वृद्धिदरको यो अनुमान मौसमी प्रभाव समायोजन नगर्दाको अवस्थामा हो।

विद्युत् उत्पादन तथा वितरण, निक्षेप सङ्कलन तथा ऋण प्रवाह, निर्जीवन बिमा प्रिमियम सङ्कलन, व्यापार सेवालगायतका क्रियाकलापमा भएको वृद्धिले आर्थिक वृद्धिमा सहयोग पुग्ने कार्यालयले जनाएको छ। आर्थिक वृद्धिदर मापनका लागि कार्यालयले वर्गीकरण गरेका १८ वटा औद्योगिक क्षेत्रमध्ये सार्वजनिक प्रशासन तथा रक्षा र औद्योगिक उत्पादनको वृद्धिदर भने ऋणात्मक रहने कार्यालयको अनुमान छ।

यसबाहेक गत आवको सोही अवधिको तुलनामा यस वर्ष निर्माण सामग्रीको आयात, धानबालीको उत्पादन तथा केही वस्तुको घरेलु उत्पादनमा आएको कमीले पनि यस अवधिको वृद्धिदर सामान्य मात्रै रहने कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार औद्योगिक क्षेत्र अनुसार तेस्रो त्रैमासिकमा विद्युत् तथा ग्यास सम्बन्धित क्रियाकलापको कुल मूल्य अभिवृद्धि दर सबैभन्दा धेरै अर्थात् २४.८८ प्रतिशतले हुने अनुमान छ। त्यसपछि वित्तीय तथा बिमासम्बन्धी क्रियाकलापको १०.२७ प्रतिशत, यातायात तथा भण्डारक्षेत्रको ७.८३ प्रतिशत र थोक तथा खुद्रा व्यापारको ५.२५ प्रतिशतको वृद्धिदर हुने अनुमान छ।

कृषिक्षेत्रको मूल्य अभिवृद्धि दर केवल १.५८ प्रतिशत हुने अनुमान कार्यालयको छ। धानबालीको उत्पादनमा कमी आए पनि पशुपन्छी, तरकारी तथा फलफूल र वनपैदावारको उत्पादनमा भएको सामान्य वृद्धिले समग्र कृषिक्षेत्रको वृद्धिदरलाई सहयोग पुर्‍याउने कार्यालयले जनाएको छ।

अर्थतन्त्रमा महत्त्वपूर्ण हिस्सा ओगट्ने थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर ५.२५ प्रतिशत वृद्धिदर हुने कार्यालयको अनुमान छ।

खास गरी व्यापारजन्य स्वदेशी उत्पादन तथा आयातमा भएको वृद्धिले यस क्षेत्रको वृद्धिदर हुने अनुमान कार्यालयले गरेको छ। सार्वजनिक प्रशासन तथा रक्षा र औद्योगिक उत्पादनको भने क्रमशः १.५१ प्रतिशत र ०.५४ प्रतिशतले ऋणात्मक वृद्धिदर हुने कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार मौसमको प्रभाव समायोजन गर्दा सात वटा औद्योगिक क्षेत्रको वृद्धिदर ऋणात्मक हुने अनुमान छ। यसो हुँदा आर्थिक वृद्धिदर ०.५८ प्रतिशत हुने अनुमान कार्यालयले गरेको छ।

## एडिबीसँग पच्चिस अर्बको ऋण सम्झौता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २२ गते*

सरकारले एसियाली विकास बैङ्क (एडिबी) सँग २५ अर्ब आठ करोड रुपियाँ ऋण लिने भएको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्ले र एडिबीका अध्यक्ष मासातो कान्डाको उपस्थितिमा सोमबार अर्थ मन्त्रालयमा यससम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो।

सम्झौतामा मन्त्रालयतर्फबाट अर्थ सचिव डा. घनश्याम उपाध्याय र एडिबीका तर्फबाट नेपालस्थित आवासीय नियोगका देशीय निर्देशक आर्नो कोस्वाँले हस्ताक्षर गर्नुभयो।

सम्झौता अनुसार यो ऋण 'एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना' र 'दक्षिण एसिया उपक्षेत्रीय आर्थिक सहयोग र रसद सुधार उपकार्यक्रम' मा परिचालन हुने छ। यसमध्ये आयोजनाका लागि १७ अर्ब ५० करोड रुपियाँ (११ करोड ५० लाख अमेरिकी डलर) र उपकार्यक्रमका लागि करिब सात अर्ब ६० करोड (पाँच करोड अमेरिकी डलर) रुपियाँ परिचालन हुने अर्थ मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।




### 'एडिबी सधैँ सहयोगी'

नेपाल भ्रमणमा रहेका एडिबीका अध्यक्ष कान्डाले नेपालको विद्यमान बाह्य तथा आन्तरिक चुनौतीको सामना गर्न बैङ्क सधैँ सहयोगी हुने बताउनुभएको छ। अर्थमन्त्री डा. वाग्लेसँग सोमबार अर्थ मन्त्रालयमा भएको भेटका क्रममा उहाँले नेपालका विकास प्राथमिकतासँग एडिबीको प्राथमिकता मेल खाएको उल्लेख गर्नुभयो। नेपालसँगको छ दशक लामो सहकार्यलाई निरन्तर र थप प्रभावकारी रूपमा अघि बढाउन उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

अर्थमन्त्री वाग्लेले एडिबीसँगको साझेदारी आगामी दिनमा अझ सुदृढ हुने विश्वास व्यक्त गर्नुभएको मन्त्रालयले जनाएको छ।

# सबस्टेसन सञ्चालनमा ल्याउने तयारी

**उर्लाबारी समाचारदाता**
*उर्लाबारी, असार २२ गते*

मोरङको कानेपोखरी गाउँपालिका–२ स्थित केरौन पश्चिममा पाँच वर्षअघि निर्माण सुरु भएको केरौन १३२/३३ केभी सबस्टेसनको निर्माण अन्तिम चरणमा पुगेको छ। अबको दुई महिनापछि उक्त सबस्टेसन सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

सरकारले पाँच बिघा जग्गा खरिद गरी २०७८ साउन २७ गते १३२/३३ केभी सबस्टेसन निर्माण गर्न इनर्जिपिक इन्जिनियरिङ–एस आर एसोसिएटस इन्फ्रास्ट्रक्चर जेभीलाई ठेक्का दिएको थियो। निर्माण कम्पनीसँगको सम्झौता अनुसार २०८० कात्तिक २५ गते आयोजना सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गर्नुपर्ने थियो। सात पटक म्याद थपेपछि तोकिएको मितिभन्दा तीन वर्ष ढिलो गरी आयोजना सञ्चालनमा आउन लागेको हो।

सबस्टेसनका आयोजना प्रमुख दर्शनराय यादवका अनुसार एसियाली विकास बैङ्कको ८५ करोड रुपियाँ ऋण सहयोगमा सबस्टेसन निर्माण भइरहेको हो। उहाँले थप भएको म्यादभित्र निर्माण सम्पन्न हुने बताउँदै हालसम्म करिब ९३ प्रतिशत काम सकिएको जानकारी दिनुभयो।

आयोजनाको सुरुको लागत ८० करोड रुपियाँ थियो। ठेक्का लाग्दा डलरको मूल्य ११९ रुपियाँ थियो। हाल १५० माथि पुगेको छ। डलरमा कारोबार हुने भएकाले लागत बढेको उहाँको भनाइ छ।

आयोजना प्रमुख यादवले भन्नुभयो, "स्टेसन सञ्चालनमा आएपछि रङ्गेली, विराटचोक र लेटाङमा बिजुली बालिरहेका सबै ग्राहक ३२ वर्ष पुरानो समस्याबाट मुक्त हुने छन्। केही प्राविधिक कामबाहेक सबै काम सम्पन्न भइसकेको छ।"

सबस्टेसन चालु भएपछि रानीबाट दुहबी हुँदै रङ्गेली आउने बिजुली सिधै कानेपोखरीबाट प्रसारण हुने भएकाले प्राविधिक क्षति पनि कम हुने यादवले बताउनुभयो। हाल लेटाङ, रङ्गेली र विराट चोकको अधिकतम माग ५० मेगावाट हो। सबस्टेसन चालु भएपछि १४८.५ मेगावाट विद्युत् प्रसारण हुन्छ।

# बढ्यो घरजग्गा कारोबार




**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार २२ गते*

लामो समयदेखि सुस्त बनेको घरजग्गा बजारमा पुनः चलायमान हुने सङ्केत देखिएको छ। ब्याजदरमा आएको कमी, बैङ्किङ प्रणालीमा बढ्दो तरलता र लगानीकर्ताको विश्वास फर्किन थालेसँगै चालु आवको तेस्रो त्रैमाससम्म घरजग्गा कारोबार उल्लेख्य रूपमा बढेको राष्ट्र बैङ्कको प्रतिवेदनले देखाएको छ।

नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको आव २०८२/८३ को तेस्रो त्रैमाससम्मको घरजग्गा कारोबारसम्बन्धी प्रतिवेदनले देशभर घरजग्गा बजारमा सुधारको सङ्केत देखाएको हो।

समीक्षा अवधिमा घरजग्गाको कुल कारोबार सङ्ख्या अघिल्लो आवको सोही अवधिको तुलनामा ६.४२ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष सोही अवधिमा यस्तो कारोबार ४.१२ प्रतिशतले घटेको थियो।

राष्ट्र बैङ्कका अनुसार समीक्षा अवधिमा लिखत पारित अन्तर्गतको कारोबार सङ्ख्या ०.६२ प्रतिशतले बढेको छ भने राजीनामामार्फत भएका कारोबार १२.१७ प्रतिशतले वृद्धि भएका छन्। कारोबार भएको कुल क्षेत्रफल (एरिया अफ ट्रान्ज्याक्सन) समेत १.६० प्रतिशतले बढेको छ; जुन अघिल्लो वर्ष सोही अवधिमा यस्तो क्षेत्रफल १०.८६ प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा देशभर एक खर्ब २६ अर्ब बराबरको घरजग्गा कारोबार भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कारोबार एक खर्ब रहेको थियो। घरजग्गा कारोबारबाट सङ्कलित राजस्व २३.३२ प्रतिशतले बढेको छ भने पुँजीगत लाभकर सङ्कलन ३१.४२ प्रतिशतले वृद्धि भएको राष्ट्र बैङ्कले जनाएको छ।

घरजग्गा क्षेत्रमा प्रवाह भएको बैङ्क तथा वित्तीय संस्थाको कर्जा (आवासीय घरजग्गा कर्जासहित) पनि ५.५५ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा वृद्धिदर ५.५२ प्रतिशत रहेको थियो।

### बागमतीमा उच्च, मधेशमा गिरावट

प्रदेशगत रूपमा हेर्दा बागमती प्रदेशमा घरजग्गा कारोबार सङ्ख्या सबैभन्दा धेरै ३८.०९ प्रतिशतले बढेको छ। यता मधेश प्रदेशमा भने कारोबार सङ्ख्या ८.५१ प्रतिशतले घटेको छ। अन्य सबै प्रदेशमा कारोबार सङ्ख्या वृद्धि भएको राष्ट्र बैङ्कको तथ्याङ्कले देखाएको छ।

कारोबार भएको कुल क्षेत्रफलका आधारमा गण्डकी प्रदेशमा सबैभन्दा धेरै २४.६८ प्रतिशत वृद्धि भएको छ भने मधेश प्रदेशमा ९.३३ प्रतिशतले कमी आएको छ। घरजग्गा कारोबारको कुल मूल्य भने सात वटै प्रदेशमा बढेको छ। यसमध्ये बागमती प्रदेशमा १३१.१२ प्रतिशतले वृद्धि भएको देखिएको छ।

### काठमाडौँमा दोब्बरभन्दा बढी कारोबार

महानगरपालिकास्तरमा काठमाडौँ महानगरपालिकामा घरजग्गा कारोबार सङ्ख्या १०८.६२ प्रतिशतले बढेको छ। त्यसपछि पोखरा महानगरपालिकामा ८२.१५ प्रतिशत, ललितपुर महानगरपालिकामा ७३.६१ प्रतिशत, वीरगन्ज महानगरपालिकामा ३१.०७ प्रतिशत, भरतपुर महानगरपालिकामा २९.२१ प्रतिशत र विराटनगर महानगरपालिकामा २०.१२ प्रतिशतले वृद्धि भएको छ।

महानगरपालिकामा कारोबार भएको कुल क्षेत्रफल र कुल मूल्य दुवैमा वृद्धि भएको देखिएको छ। काठमाडौँ महानगरपालिकामा कारोबारको कुल मूल्य २२३.२१ प्रतिशतले बढेको राष्ट्र बैङ्कले जनाएको छ।

### उपमहानगरपालिकामा पनि सकारात्मक

समीक्षा अवधिमा ११ वटा उपमहानगरपालिकामध्ये अधिकांशमा घरजग्गा कारोबार सङ्ख्या बढेको छ। बुटवल उपमहानगरपालिकामा सबैभन्दा धेरै ५६.७९ प्रतिशत वृद्धि भएको छ।

तुलसीपुर उपमहानगरपालिकामा कारोबार भएको कुल क्षेत्रफल ४२.७६ प्रतिशतले बढेको छ भने कुल कारोबार मूल्य १३४.४६ प्रतिशतले वृद्धि भएको छ।


**शुद्धोदन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मानपकडी, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल।**

**आन्तरिक स्रोत उठाउने सम्बन्धी दरभाउ पत्र आह्वानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८३।०३।२३**

शुद्धोदन गाउँपालिकाको आर्थिक ऐन २०८३ बमोजिम शुद्धोधन पार्कमा प्रवेश टिकट, दर्वाहवा पोखरीमा माछापालन र डुङ्गा सञ्चालन गरी आन्तरिक आय उठाउन ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले आर्थिक वर्ष २०८३/०८४ का लागि गाउँसभाबाट स्वीकृत दररेटमा आन्तरिक आय उठाउन ठेक्का बोलकबोल गर्न रीतपूर्वकको सिलबन्दी दरभाउ पत्र पेश गर्न इच्छुक व्यक्ति, फर्म वा संस्थाका लागि यो सूचना आह्वान गरिएको छ।

**तपसिल:**

| सि.नं. | ठेक्का नं. | विवरण | न्यूनतम रकम (मू.अ.कर बाहेक) | दरभाउ पत्र दस्तुर रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५ | आय ०५/०८३-८४ | शुद्धोदन पार्कमा प्रवेश टिकट, दर्वाहवा पोखरीमा माछापालन र डुङ्गा सञ्चालन समेत | २,५१,०००।- | १,०००।- | |

१. **दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय** : २०८३/०३/२९ गते कार्यालय समयभित्र।
२. **दरभाउ पत्र दर्ता गर्ने अन्तिम मिति र समय** : २०८३/०३/३० गते दिनको १२ बजेभित्र।
३. **दरभाउ पत्र खोल्ने मिति र समय** : २०८३/०३/३० गते दिनको २ बजे।
४. दरभाउ पत्र दस्तुर बापतको रकम Local level revenue portal मार्फत वा यस गाउँपालिकाको कृषि विकास बैंक फर्साटिकर शाखामा रहेको खाता नं. ०४२४५०११५०२७९०९६ मा दाखिला गरी खरिद गर्न सकिनेछ।
५. धरौटी रकम आफूले कबोल गरेको रकमको (मू.अ.कर समेत) ५ प्रतिशतले हुन आउने रकम यस पालिकाको कृषि विकास बैंक फर्साटिकर शाखामा रहेको खाता नं. ०४२४५०११५०२७९०४५ मा नगद जम्मा गरेको भौचर वा सोही बराबरको मान्यता प्राप्त बैंकको कम्तीमा ९० दिन मान्य म्याद रहेको बैंक जमानत पेश गर्नुपर्नेछ।
६. अन्य सर्तहरू दरभाउ पत्रमा संलग्न सर्त अनुसार हुनेछ। साथै कुनै कारण देखाई वा नदेखाई दरभाउ पत्र स्वीकृत वा अस्वीकृत गर्ने निर्णयको अधिकार कार्यालयलाई हुनेछ।
७. माथि उल्लिखित दिनहरूमा बिदा पर्न गएमा अर्को दिन कार्यालय खुलेपछि उक्त कार्यहरू उल्लिखित समयमा हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



**नेपाल सरकार**
**ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय**
**जलस्रोत तथा सिँचाइ विभाग, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना**
**वीरेन्द्रनगर, सुर्खेत**

**भेरी–बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीका लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना।**

**(प्रकाशन मिति : २०८३/०३/२३)**

कर्णाली प्रदेश, सुर्खेत जिल्लाको भेरीगङ्गा नगरपालिका तथा बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रमा नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गतको जलस्रोत तथा सिँचाइ विभाग, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय<br>जलस्रोत तथा सिँचाइ विभाग, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, वीरेन्द्रनगर, सुर्खेत<br>फोनः ०८३-५२५४३८ इमेलः bbdmp.nepal@gmail.com |
| प्रस्तावको व्यहोरा | प्रस्तावकद्वारा सुर्खेत जिल्लाको भेरीगङ्गा नगरपालिकास्थित चिप्ले क्षेत्रबाट बग्ने भेरी नदीको पानीलाई डाइभर्सन गरी सुर्खेत जिल्लाको भेरीगङ्गा नगरपालिकास्थित हात्तीखाल क्षेत्रमा बग्ने बबई नदीमा खसाली कृषि प्रयोजनका लागि सिँचाइ सुविधा उपलब्ध गराउन तथा उक्त पानीको स्रोतलाई सदुपयोग गर्दै करिब ४६.८ मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यका साथ ***"राष्ट्रिय गौरवको आयोजना"*** तथा ***"राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना"*** का रूपमा भेरी–बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माण कार्य अगाडि बढिरहेको छ। उक्त आयोजनाबाट उत्पादन हुने विद्युतलाई राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गर्ने उद्देश्यले प्रस्तावकले नेपाल विद्युत प्राधिकरणद्वारा निर्माण गरिएको कोहलपुर–सुर्खेत १३२ के.भी. प्रसारण लाइनमा जडान हुने गरी करिब १.७ कि.मि. लम्बाइको, Single Conductor सहित Multi–circuit टावर प्रयोग हुने १३२ के.भी. क्षमताको विद्युत प्रसारण लाइन निर्माण गर्ने प्रस्ताव गरेको छ। प्रस्तावित प्रसारण लाइनका जम्मा ९ वटा टावरमध्ये ३ वटा टावर बर्दिया राष्ट्रिय निकुञ्जको मुख्य क्षेत्रमा तथा बाँकी ६ वटा टावर सोही निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्नेछन्। प्रस्तावित प्रसारण लाइनको क्षेत्राधिकार कुल १८ मिटर रहनेछ, जस अन्तर्गत प्रसारण लाइनको केन्द्रबिन्दुबाट दायाँ र बायाँतर्फ समान रूपमा ९–९ मिटर क्षेत्र समेटिनेछ। |
| प्रभाव पर्नसक्ने जिल्ला/न.पा. | जिल्लाः सुर्खेत जिल्ला<br>नगरपालिकाः भेरीगङ्गा नगरपालिका वडा नम्बर ०५ र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्र |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के–कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न माथि उल्लिखित नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय<br>जलस्रोत तथा सिँचाइ विभाग, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, वीरेन्द्रनगर, सुर्खेत<br>साइट कार्यालयः– हात्तीखाल, भेरीगङ्गा न.पा.–०५, सुर्खेत, फोनः ०८३–५२५४३८ इमेलः bbdmp.nepal@gmail.com |
| परामर्श दाताको नाम र ठेगाना | एनइए इन्जिनियरिङ कम्पनी लि.<br>ललितपुर महानगरपालिका वडा नं.–१०, ललितपुर, नेपाल<br>फोनः +९७७–०१–५९२१८०६/५९२१८५६ ई–मेलः info@neaec.com.np |